# शिक्षार्थीको सक्षमता विकास र पृष्ठपोषणमा आन्तरिक मूल्याङ्कनको भूमिका

**राजेन्द्र खनाल**
शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, काठमाडौं
sauravabhirk@gmail.com

**सार**

यस लेखमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र, स्नातकोत्तर तहको सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कनको विश्वसनीयता तथा वैधताप्रति सरोकारवालाको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ। यसमा क्षेत्रीय सर्वेक्षण विधि उपयोग गरिएको छ भने उद्देश्यमूलक नमुना छनोट प्रक्रिया अपनाइएको छ। शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहमा अध्यापनरत २५ जना शिक्षक तथा उक्त तहमा अध्ययनरत १०० जना विद्यार्थीलाई नमुनाका रूपमा लिई उनीहरूबाट प्राप्त अभिमतको विश्लेषण गरिएको छ। यस अध्ययनबाट विद्यार्थीहरूमा शैक्षणिक सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनको उच्च महत्ता रहेको निचोड प्राप्त भएको छ। उक्त कथनमा शिक्षकको ८४ प्रतिशत र शिक्षार्थीको ८३ प्रतिशत सकारात्मक मत प्राप्त भएको छ। यसले शैक्षणिक सक्षमता विकास गर्नमा आन्तरिक मूल्याङ्कनको भूमिकाप्रति शिक्षक एवम् शिक्षार्थी विश्वस्त भएको प्रमाणित गर्दछ। त्यस्तै, आन्तरिक मूल्याङ्कन प्रक्रियाबाट शिक्षण सिकाइ प्रक्रिमा पनि पृष्ठपोषण प्राप्त भएको जनाइएको भए पनि पूर्ण सन्तुष्ट हुन नसकिने अभिमत प्राप्त भएको छ किनभने यस कथनमा ७७ प्रतिशत शिक्षार्थी सकारात्मक देखिनु अपेक्षाकृत भए पनि शिक्षक जम्मा ६० प्रतिशत मात्र सकारात्मक देखिएका छन्। आन्तरिक मूल्याङ्कनले शिक्षार्थीमा पर्याप्त पृष्ठपोषणसहित प्राप्त भएको सवालमा शिक्षकका तुलनामा १७ प्रतिशत शिक्षार्थी बढी सकारात्मक रहेको निष्कर्ष प्राप्त भएको छ। यसरी आन्तरिक मूल्याङ्कनले शैक्षणिक सक्षमता विकासका तुलनामा पर्याप्त पृष्ठपोषण प्रदान गर्न नसकेको नतिजा प्राप्त भएको छ।

**विशेष शब्द :** आन्तरिक मूल्याङ्कन, शैक्षणिक सक्षमता, पृष्ठपोषण, भूमिका, अभिमत।

## विषय प्रवेश

सेमेस्टर प्रणाली विश्वमा प्रभावकारी कार्यक्रमका रूपमा विकसित भइरहेका छ। अङ्ग्रेजी भाषाको Semester शब्द नै नेपालीमा पनि प्रयोग प्रचलनमै छ। यो शब्द Latin भाषाको Sex (Six) तथा Mensis (Month) को संयुक्त शब्द Semistris (Six monthly) बाट व्युत्पन्न भएको हो (अलि, १९९६, पृ. २५७)। शैक्षिक सन्दर्भमा अर्धवार्षिक शैक्षिक कार्यक्रम नै सेमेस्टर प्रणाली हो भन्न सकिन्छ। विश्वमा हाल क्वाडमेस्टर, ट्राइमेस्टर, सेमेस्टर र वार्षिक गरी चार किसिमका शैक्षिक प्रणालीहरू प्रयोगमा आएका छन् (पौडेल, २०७४)। क्वाडमेस्टर प्रणालीमा एक शैक्षिक वर्षलाई बराबर चार भागमा विभाजन गरिन्छ, ट्राइमेस्टर प्रणालीमा एक शैक्षिक वर्षलाई बराबर तीन भागमा विभाजन गरिन्छ भने सेमेस्टर प्रणालीमा एक शैक्षिक वर्षलाई

बराबर दुई भागमा विभाजन गरिन्छ । वार्षिक प्रणालीमा बाह्र महिनाको एक शैक्षिक सत्र हुन्छ । सेमेस्टर र वार्षिक सबैभन्दा बढी प्रयोगमा आएका शैक्षिक प्रणाली हुन् (मजुम्दर, २०१०) । सेमेस्टर प्रणालीअन्तर्गत मूलतः आन्तरिक र बाह्य गरी दुई प्रकारको मूल्याङ्कन प्रक्रिया अपनाइएको पाइन्छ । आन्तरिक मूल्याङ्कन सेमेस्टर प्रणालीको अनिवार्य गुण हो । यसबाट सिकारु तथा शिक्षक दुवैलाई सिकाइप्रति उत्प्रेरणा प्राप्त हुन्छ । सिकाइ प्रक्रियामा विशेषतः शिक्षार्थीको सक्षममता विकास गर्न, सिकाइजनित समस्याको निराकरण गर्न एवम् शिक्षार्थी र शिक्षकलाई पर्याप्त पृष्ठपोषण उपलब्ध गराउनका लागि आन्तरिक मूल्याङ्कनको उच्च महत्ता रहेको हुन्छ । त्यसो त यस्तो मूल्याङ्कन सेमेस्टरमा अन्तिम मूल्याङ्कनको अनिवार्य एकाइसमेत बनेको हुन्छ । कक्षा प्रगति परीक्षणबाट सिकारुका सिकाइगत प्रगति, शिक्षणको प्रभावकारिता पहिचान गर्न सकिन्छ भने पाठ्यक्रमका उद्देश्य प्राप्तितर्फ सिकारुलाई परिलक्षित गर्न सकिन्छ । आन्तरिक मूल्याङ्कनले सिकारुलाई सिकाइप्रति थप उत्प्रेरित गर्दछ (खनिया, २०१३, पृ. १११) । आन्तरिक मूल्याङ्कन एउटा सामाजिक सिकाइको परिवेश हो जहाँ अन्तर्क्रिया र सञ्चारको अभिवृद्धि हुन्छ, उद्देश्य प्राप्तिमा छलफल हुन्छ र शिक्षार्थी शिक्षार्थीबिच एवम् शिक्षक शिक्षार्थीबिच पृष्ठपोषण आदानप्रदान हुन्छ । तसर्थ यो शिक्षण सिकाइको सहकार्यात्मक सन्दर्भ हो (फल्चर एन्ड डेभिड्सन, २०११, पृ. २९) । निर्माणात्मक मूल्याङ्कनबाट शैक्षणिक एकाइमा रहेका सिकाइजनित कठिनाइहरू पहिचान गर्न सकिन्छ (पाठक, २०१२, पृ. २९) । उपर्युक्त मान्यताले पनि आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता पुष्टि गर्दछन् ।

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायले सञ्चालन गरेको स्नातकोत्तर तहको आन्तरिक मूल्याङ्कनको ढाँचामा आन्तरिक मूल्याङ्कनका लागि ४०% अङ्कभार छुट्याइएको छ : उपस्थितिका निम्ति - ५ अङ्क निर्धारण गरिएको छ भने शिक्षण सिकाइमा सहभागिता - ५ अङ्क छुट्ट्याइएको छ । पहिलो आन्तरिक परीक्षाको प्राप्ताङ्कलाई - १० अङ्क, दोस्रो आन्तरिक परीक्षालाई - १० अङ्क तथा तेस्रो आन्तरिक परीक्षा - १० अङ्क गरी जम्मा ३० अङ्कको लिखित परीक्षा, प्रयोगात्मक परीक्षा एवम् परियोजना कार्यबाट मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ (शिक्षाशास्त्र सङ्काय, २०७२) । उक्त पाठ्यक्रमले आन्तरिक परीक्षाका लागि विषय शिक्षकले निम्नलिखित कार्यहरू गर्न लगाउने निर्देश गरेको छ : अध्ययनपत्र लेखन, पुस्तक समीक्षा, लेख पुनरावलोकन, कुनै विषय शीर्षक केन्द्रित अध्ययन पत्र तयारी, आन्तरिक परीक्षा, एकाइ परीक्षा, ज्ञान/प्रतिभा परीक्षण आदि । दोस्रो आन्तरिक परीक्षाका लागि विषय शिक्षकले निम्नलिखित कार्यहरू गर्न लगाउने प्रावधान रहेका छन् : परियोजना कार्य, अवस्था/घटना अध्ययन, गोष्ठी, क्षेत्रकार्य, व्यक्तिगत वा समूहगत प्रतिवेदन लेखन, द्वितीयक स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन, पूर्वाध्ययन, पुनरवलोकन र अभिलेखीकरण आदि । यसका साथै निम्नानुसारका थप कार्यकलापमा सहभागी बनाई मूल्याङ्कन गर्न सकिने व्यवस्था पनि गरेको छ । पहिलो र दोस्रो आन्तरिक परीक्षामा निम्न किसिमका कार्यहरू समावेश गर्न सकिने : पहिलो आन्तरिक परीक्षामा गृहकार्य/पुस्तकालय कार्य/पुस्तक वा लेख पुनरवलोकन + आन्तरिक सुधार परीक्षा लिनुपर्ने, दोस्रो आन्तरिक परीक्षामा परियोजना कार्य/अध्ययनपत्र लेखनका साथै पाठ्यक्रमको स्वरूपअनुसार आन्तरिक

सुधार परीक्षा लिनुपर्ने व्यवस्था गरेको छ भने आन्तरिक परीक्षाका अन्य विविध प्रक्रिया र विधि तथा मूल्याङ्कन  सम्बन्धमा सम्बन्धित विभागले तय गरेअनुसार हुने व्यवस्था गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका सबै विभागहरूमा उल्लिखित तरिकाहरूको उपयोगबाट नै आन्तरिक मूल्याङ्कन गरी विद्यार्थीहरूको उपलब्धि निर्धारण गरिएको हुन्छ भन्ने विश्वास गरिन्छ । यसरी उपयोगमा ल्याइएका उपकरणका आधारमा प्राप्त उपलब्धि, सक्षमता, पृष्ठपोषण आदिप्रति विद्यार्थीको दृष्टिकोण तथा प्रतिबिम्बनको पहिचान एवम् विश्लेषण वर्तमान सन्दर्भमा खोजको विषय बनेको हुनाले यसै विषयवस्तुमा केन्द्रित रही प्रस्तुत लेख तयार पारिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मूल उद्देश्य त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त्र, स्नातकोत्तर तहमा सञ्चालित सेमेस्टर प्रणालीमा शिक्षार्थीको शैक्षणिक सक्षमता विकास र पृष्ठपोषणमा आन्तरिक मूल्याङ्कनको भूमिका सम्बन्धमा शिक्षक र शिक्षार्थीको अभिमतको विश्लेषण गर्नु हो ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा मिश्रित पद्धतिको उपयोग गरिएको छ । मूलतः विश्लेषणात्मक विधि अपनाइएको छ यस अध्ययनमा अध्ययनमा काठमाडौँ उपत्यकाभित्रका शिक्षाशास्त्रअन्तर्गत स्नातकोत्तर तह सञ्चालन भएका त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पस विश्वविद्यालय क्याम्पस, महेन्द्ररत्न क्याम्पस तथा सानोठिमी क्याम्पस गरी जम्मा तीन ओटा क्याम्पसका शिक्षक तथा शिक्षार्थीमध्ये २५ जना शिक्षक र २०७५/०७६ मा उक्त तहको दोस्रो, तेस्रो तथा चौथो समेस्टरमा अध्ययनरत १०० जना शिक्षार्थी नै नमुना जनसङ्ख्या रहेका छन् । निर्दिष्ट शिक्षक एवम् शिक्षार्थीबाट प्राप्त अभिमत यस अध्ययनका प्राथमिक स्रोत हुन् भने विविध सैद्धान्तिक ग्रन्थ, सम्बन्धित अनुसन्धान प्रतिवेदन एवम् विशेषज्ञका सुझावहरू द्वितीयक स्रोतका रूपमा रहेका छन् ।

प्रस्तुत अध्ययनमा शिक्षक तथा शिक्षार्थीको अभिमत पहिचान गर्नका लागि आन्तरिक मूल्याङ्कनसँग सम्बन्धित मतावली बनाइएको छ । शिक्षक र शिक्षार्थीका लागि एउटै प्रकृतिका कथन तयार पारी उक्त कथनमा अभिमत लिइएको छ । प्रस्तुत अध्ययनमा शिक्षार्थीको सक्षमता विकास र पृष्ठपोषणमा आन्तरिक मूल्याङ्कनको भूमिकासम्बन्धी कथन तयार गरी शिक्षक तथा शिक्षार्थीबाट अभिमत लिइएको छ । कथनसँग सहमत वा असहम जनाउन पाँच ओटा विकल्पन दिइएको छ । विकल्पनमध्ये कुनै एउटामा रेजा लगाउने प्रबन्ध गरिएको छ । उक्त विकल्पनमध्ये पूर्ण सहमत, सहमत, अनिर्णित, असहमत तथा पूर्ण असहमत  रहेका छन् । शिक्षार्थी तथा शिक्षकहरूबाट अभिमतलाई आधार बनाई निष्कर्ष निकालिएको छ ।

तालिकीकृत वस्तुतथ्यको चित्रात्मक प्रस्तुतीकरणको उद्देश्य निरस, जटिल, कठिन र अरुचिकर तथ्यलाई छिटो छरितो र सरल ढङ्गले आकर्षक र रुचिकर तुल्याई प्रदर्शन गर्नु हो (लम्साल र खनाल, २०७६, पृ. ५५) । यस लेखमा प्राप्त अभिमतको साङ्ख्यिकीय विश्लेषण गरी वृत्तचित्र एवम् स्तम्भचित्रमार्फत शिक्षक तथा शिक्षार्थीका दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । विश्लेषण गर्दा मूलतः सकारात्मक र नकारात्मक धारणाका रूपमा प्रस्ट्याइएको छ । पूर्ण सहमत र सहमतलाई सकारात्मक ठानी विश्लेषण गरिएको छ । असहमत र पूर्ण असहमतलाई नकारात्मक पक्षमा विश्लेषण गरिएको छ भने अनिर्णितलाई तटस्थ मानिएको छ । विश्लेषण गर्दा प्रतिशताङ्कलाई प्राधान्य दिइएको यस लेखमा तथ्याङ्क विश्लेषण गर्दा ५० प्रतिशतभन्दा कम सकारात्मक अभिमत प्राप्त कथनमा नराम्रो वा कमजोर स्तरको प्रतिक्रिया मानिएको छ । ५० देखि ६९ प्रतिशतसम्म सकारात्मक अभिमत रहेका सूचकमा मध्यम वा ठिकै ठानिएको छ । ७० देखि ७९ प्रतिशत सकारात्मक अभिमत देखिएका कथन सन्तोषजनक मानिएको छ भने ८० देखि ८९ सम्मको सकारात्मक अभिमतलाई उत्तम वा राम्रो ठहऱ्याइएको छ । त्यस्तै ९० प्रतिशतभन्दा माथि सकारात्मक अभिमत प्राप्त भएका कथनको विश्लेषण गरिएको छ ।

## शैक्षणिक सक्षमता र पृष्ठपोषण

### शैक्षणिक सक्षमता

शैक्षणिक सक्षमता भनेको निश्चित उद्देश्य तय गरी तदनुकूलका विषयसँग सम्बद्ध ज्ञान, सिप तथा व्यवहारको विकास वा प्राप्ति वा उपलब्धि हो । शैक्षिक कार्यक्रमको मूल उद्देश्य सिकारुहरूमा सक्षमता विकास गरी दक्ष व्यक्ति निर्माण गर्नु नै हो । तसर्थ शैक्षिक कार्यक्रमअन्तर्गतका सबै विधि तथा प्रक्रियाका माध्यमबाट विद्यार्थीहरूमा ज्ञान, सिप तथा व्यवहार हस्तान्तरण र निर्माण गरी प्रत्येक व्यक्तिलाई सक्षम बनाउने लक्ष्य लिइएको हुन्छ । सेमेस्टर प्रणालीअन्तर्गत सञ्चालन गरिने सबै विधि, प्रविधि एवम् प्रक्रियाको पनि मूल उद्देश्य भनेको विद्यार्थीमा शैक्षणिक सक्षमता अभिवृद्धि गर्ने नै हो । शैक्षिक कार्यक्रमअन्तर्गत सञ्चालन र सम्पन्न भएका वा गरिएका सबै प्रक्रिया वा कार्यकलापका माध्यमबाट शैक्षणिक सक्षमता अभिवृद्धि भएकै हुन्छ र हुनु पनि पर्दछ । सबै कार्यक्रमका सबैजसो मूल्याङ्कन प्रक्रिया पनि शैक्षणिक सक्षमता अभिवृद्धि भएको हुन्छ । यसै सन्दर्भमा सेमेस्टरको आन्तरिक मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थीहरूको शैक्षिणक सक्षमता विकास र अभिवृद्धिमा सहयोग पुगेको छ वा छैन भन्ने सवालमा शिक्षकहरूको अभिमत लिइएको थियो ।

### पृष्ठपोषण


सेमेस्टरमा आन्तरिक मूल्याङ्कनलाई प्राथमिकताका साथ प्रश्रय दिइन्छ । मूल्याङ्कन शिक्षण सिकाइ कार्यकलापको प्रमुख अङ्ग पनि हो । पाठ्यक्रममा पनि मूल्याङ्कनको अभेद्य सम्बन्ध रहेको हुन्छ । अन्य मूल्याङ्कनका तुलनामा आन्तरिक मूल्याङ्कनको उच्च गरिमा रहेको हुन्छ । यसो हुनाको कारण यसका माध्यमबाट सिकारु तथा शिक्षक प्रशिक्षक शिक्षण सिकाइ कार्यमा प्रोत्साहित हनु, अभिप्रेरणा प्राप्त गर्नु र शिक्षण सिकाइका रिक्तताहरू निवारण गर्नु पनि हो । सिकारुले सिकाइ सिक्ने क्रममा विभिन्न गल्ती कमजोरीहरू गरेको हुन सक्दछ,

त्यस्ता गल्ती कमजोरीहरू सुधार्न के कस्ता कार्यहरू गर्नुपर्दछ भनी सिकारुलाई दिइने सूचना वा निर्देशनलाई पृष्ठपोषण भनिन्छ (शर्मा र शर्मा, २०६३, पृ. २६३)। यसबाट पृष्ठपोषण सिकाइको अभिप्रेरणा र त्यसको स्रोत भन्ने स्पष्ट हुन्छ। सिकारुलाई सिकाइप्रति अभिमुख तुल्याउने पुनर्बललाई पृष्ठपोषण भन्न सकिन्छ (पाण्डे, २००७, पृ.२०७)। आन्तरिक मूल्याङ्कन यथासमयमा यथोचित प्रक्रिया अवलम्बलन गरी सम्पन्न गर्नुपर्दछ। तसर्थ पाठ्यांशले पनि कालगत अन्तरालमा विविध प्रकृतिका आन्तरिक मूल्याङ्कनका उपकरण उपयोगका लागि निर्देश गरेको हुन्छ। स्नातकोत्तर तहको सेमेस्टर प्रणालीमा आधारित पाठ्यांशले पनि आन्तरिक मूल्याङ्कनको महत्ता स्वीकार गरेका छन्।

## परिणाम तथा विश्लेषण

### शैक्षणिक सक्षमता विकासमा आन्तरिक मूल्याङ्कन


उक्त सवालमा अभिमत लिनका लागि 'शैक्षणिक सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनको भूमिका महत्वपूर्ण रहेको छ' भन्ने कथन तयार पारी प्रतिक्रिया लिइएको छ। आन्तरिक मूल्याङ्कनका माध्यमबाट विद्यार्थीहरूमा शैक्षणिक सक्षमता विकास भएको छ भन्ने कथनमा ८४ प्रतिशत मत प्राप्त भएको छ। तसर्थ आन्तरिक मूल्याङ्कनका माध्यमबाट विद्यार्थीहरूको क्षमता विकास भएको विषयमा अधिकांश शिक्षकहरू सहमत हुनुले यसको उपयादेयतालाई निसङ्कोच स्वीकार गर्न सकिन्छ। यस तथ्याङ्कलाई देहायको वृत्तचित्रमार्फत प्रस्ट्याउन सकिन्छ :




चित्र १. सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनको भूमिकाप्रतिको मत

उपर्युक्त वृत्तचित्रमा सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनका सम्बन्धमा शिक्षकहरूबाट प्राप्त भएको अभिमतलाई प्रस्तुत गरिएको छ। सिकारुको सक्षमता विकास र आन्तरिक मूल्याङ्कनसम्बन्धी कथनमा ३२ प्रतिशत शिक्षक पूर्ण सहमत र ५२ प्रतिशत शिक्षक सहमत देखिएकाले सकारात्मक अभिमत जम्मा ८४ प्रतिशत रहेका पाइयो। यसबाट आन्तरिक मूल्याङ्कनको शिक्षार्थीमैत्री उपादेयता सिद्ध हुन्छ। यस सवालमा ८ प्रतिशत अनिर्णित र ८ प्रतिशत असहमत देखिनु सामान्य नै मान्न सकिन्छ। अझ यस कथनमा नकारात्मक प्रतिक्रिया जम्मा ८ प्रतिशत मात्र हुनु र पूर्ण असहमत शून्यमा रहनुले पनि आन्तरिक मूल्याङ्कनको सान्दर्भिकतालाई प्रमाणित गर्दछ। यो अभिमत राम्रो स्तरको रहे पनि उत्कृष्ट भने बन्न सकेको छैन। सकारात्मक देखिन नसकेको १६ प्रतिशतको अभिमतलाई पनि सम्मान गर्दै आन्तरिक मूल्याङ्कनलाई अझ प्रभावकारी बनाई विद्यार्थीको सक्षमता विकासमा केन्द्रित गर्न सके अझ राम्रो हुन्थ्यो। जे होस्, यस कथनमा प्राप्त नतिजाका आधारमा आन्तरिक मूल्याङ्कन विद्यार्थीको शैक्षणिक सक्षमता विकासमा महत्वपूर्ण रहेको प्रमाणित हुन्छ।


यस सवालमा अभिमत लिनका लागि 'शैक्षणिक सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनको भूमिका महत्वपूर्ण रहेको छ' भन्ने कथन तयार पारी शिक्षार्थीका प्रतिक्रिया पनि लिइएको थियो। आन्तरिक मूल्याङ्कनका माध्यमबाट शिक्षार्थीहरूमा शैक्षणिक सक्षमता विकास भएको छ भन्ने कथनमा ८३ प्रतिशत मत प्राप्त भएको छ। तसर्थ आन्तरिक मूल्याङ्कनका माध्यमबाट शिक्षार्थीहरूको क्षमता विकास भएको विषयमा अधिकांश शिक्षार्थीहरू सहमत हुनुले यसको उपयादेयतालाई निसङ्कोच स्वीकार गर्न सकिन्छ। यस तथ्याङ्कलाई देहायको स्तम्भचित्रमार्फत प्रस्ट्याउन सकिन्छ :




चित्र २. सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनको भूमिकाप्रतिको मत

उपर्युक्त स्तम्भचित्रमा सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनका सम्बन्धमा शिक्षार्थीहरूबाट प्राप्त भएको अभिमतलाई प्रस्तुत गरिएको छ । सिकारुको सक्षमता विकास र आन्तरिक मूल्याङ्कनसम्बन्धी कथनमा ५६ प्रतिशत शिक्षार्थी पूर्ण सहमत र २७ प्रतिशत शिक्षार्थी सहमत देखिएकाले सकारात्मक अभिमत जम्मा ८३ प्रतिशत रहेका पाइयो । यसबाट आन्तरिक मूल्याङ्कनको शिक्षार्थीमैत्री उपादेयता राम्रो रहेको सिद्ध हुन्छ । यस सवालमा ६ प्रतिशत अनिर्णित र १० प्रतिशत असहमत र १ प्रतिशत पूर्ण असहमत देखिनु सामान्य नै मान्न सकिन्छ । अझ यस कथनमा नकारात्मक प्रतिक्रिया जम्मा ११ प्रतिशत मात्र हुनुले पनि आन्तरिक मूल्याङ्कनको सान्दर्भिकतालाई प्रमाणित गर्दछ । यो अभिमत राम्रो रहे पनि उत्कृष्ट भने होइन किनकि १७ प्रतिशत शिक्षार्थीहरू सकारात्मक बन्न सकेका छैनन् ।

'शैक्षणिक सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनको भूमिका महत्वपूर्ण रहेको छ' भन्ने कथनमा शिक्षार्थी र शिक्षक दुवैको प्रतिक्रिया सकारात्मक पाइएको छ । आन्तरिक मूल्याङ्कनका माध्यमबाट विद्यार्थीहरूमा शैक्षणिक सक्षमता विकास भएको छ भन्ने कथनमा शिक्षकको ८४ प्रतिशत शिक्षार्थीको ८३ प्रतिशत मत प्राप्त भएको छ । यसले आन्तरिक मूल्याङ्कनका माध्यमबाट विद्यार्थीहरूको क्षमता विकास भएको विषयमा अधिकांश शिक्षार्थी तथा शिक्षकहरू सहमत हुनुले यसको उपयादेयता निसङ्कोच स्वीकार गर्न सकिन्छ । उक्त तथ्याङ्कलाई देहायको स्तम्भचित्रमार्फत प्रस्ट्याउन सकिन्छ :





चित्र ३. सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनको भूमिकाप्रतिको मत

माथिको स्तम्भचित्रमा सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनका सम्बन्धमा शिक्षकहरूबाट प्राप्त भएको अभिमतलाई प्रस्तुत गरिएको छ । सिकारुको सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनको भूमिकासम्बन्धी कथनमा ३२ प्रतिशत शिक्षक र ५६ प्रतिशत शिक्षार्थी पूर्ण सहमत देखिएका छन् । ५२ प्रतिशत शिक्षक र २७ प्रतिशत शिक्षार्थी सहमत देखिएकाले सकारात्मक अभिमत जम्मा क्रमशः ८४ र ८३ प्रतिशत रहेको पाइयो । शिक्षकका तुलनामा २२ प्रतिशत बढी शिक्षार्थी यस सवालमा पूर्ण सन्तुष्ट देखिएका छन् । यसबाट विद्यार्थीका लागि यो अत्यन्त महत्वपूर्ण रहेको पुष्टि हुन्छ । हुन त समग्रमा शिक्षक र शिक्षार्थी समान प्रतिशतले सकारात्मक जनाएकाले यसको महत्ता प्रमाणित हुन्छ । तर पनि क्रमशः ८ र ६ प्रतिशत अनिर्णित तथा ८ र ११ प्रतिशत नकारात्मक देखिनुबाट आन्तरिक मूल्याङ्कनलाई अझ प्रभावकारी बनाई विद्यार्थीको सक्षमता विकासमा केन्द्रित गर्न आवश्यक रहेको देखिन्छ ।

आन्तरिक मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण

'आन्तरिक मूल्याङ्कन प्रक्रियाबाट शिक्षण र सिकाइमा पर्याप्त पृष्ठपोषण प्राप्त भएको छ' भन्ने कथनमा शिक्षकहरूको मिश्रित प्रतिक्रिया प्राप्त भएको छ । यस कथनमा ६० प्रतिशतले सकारात्मक प्रतिक्रिया जनाएका छन् भने ४० ले पृष्ठपोषण प्राप्त भएको सम्बन्धमा सहमति जनाउन सकेका छैनन् । आन्तरिक मूल्याङ्कनका माध्यमबाट पृष्ठपोषण प्राप्त हुन नसकेको भनी ४० प्रतिशत शिक्षकको अभिमत आउनुले पाठ्यांशको अपेक्षा तथा आन्तरिक मूल्याङ्कन प्रक्रियाको सञ्चालनबिच अन्तर्सम्बन्धका सम्बन्धमा मध्यम स्तरको अवस्थालाई सङ्केत गर्दछ । यस तथ्याङ्कलाई वृत्तचित्रमार्फत यसरी देखाउन सकिन्छ :





चित्र ४. आन्तरिक मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणसम्बन्धी मत

माथिको वृत्तचित्रमा शिक्षकहरूबाट प्राप्त भएको पृष्ठपोषणसम्बन्धी अभिमत प्रस्तुत भएको छ । उक्त कथनमा पूर्ण सहमति जनाउने ८ प्रतिशत तथा सहमति जनाउने ५२ प्रतिशत गरी जम्मा ६० प्रतिशत शिक्षकहरूले आन्तरिक मूल्याङ्कनबाट शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त भएको विचार राखेका छन् । ४ प्रतिशितले निर्णय दिन इन्कार गरेका छन् भने ३२ प्रतिशत असहमत र ४ प्रतिशत पूर्ण असहमत देखिएका छन् । यसरी जम्मा ४० प्रतिशत शिक्षकहरूले आन्तरिक मूल्याङ्कन र पृष्ठपोषणबिच सम्बन्ध नरहेको विचार अभिव्यक्त गरेका छन् । यो अनपेक्षित नतिजा हो भन्न सङ्कोच छैन किनकि पाठ्यांशको अभिप्राय आन्तरिक मूल्याङ्कनबाट पृष्ठपोषण प्राप्त हुन्छ भन्ने नै हो । तसर्थ पृष्ठपोषण उपलब्ध गराउने गरी आन्तरिक मूल्याङ्कनलाई सुदृढ तवरले परिष्कृत गर्नुपर्ने देखिन्छ ।

सामान्य र अन्तिम मूल्याङ्कनका तुलनामा आन्तरिक मूल्याङ्कनको उच्च महत्व रहेको हुन्छ । यसो हुनाको कारण यसका माध्यमबाट सिकारुहरू शिक्षण सिकाइ कार्यमा प्रोत्साहित हनु, अभिप्रेरणा प्राप्त गर्नु र शिक्षण सिकाइका क्रममा आइपरेका समस्याहरूको निराकरण गर्न सहयोगी बन्नु पनि हो । स्नातकोत्तर तहको सेमेस्टर प्रणालीमा आधारित पाठ्यांशले पनि आन्तरिक मूल्याङ्कनको उच्च महत्ता स्वीकार गरेर नै तिनको समीचीन व्यवस्था गरेका हुन्छन् ।


'आन्तरिक मूल्याङ्कन प्रक्रियाबाट शिक्षण र सिकाइमा पर्याप्त पृष्ठपोषण प्राप्त भएको छ' भन्ने कथनमा शिक्षार्थीहरूको मिश्रित प्रतिक्रिया प्राप्त भएको छ। यस कथनमा ७७ प्रतिशतले सकारात्मक प्रतिक्रिया जनाएका छन् । त्यसमध्ये ३० प्रतिशत पूर्ण सहमत छन् भने ४७ प्रतिशत सहमत देखिन्छन् । २३ प्रतिशतले पृष्ठपोषण प्राप्त भएको सम्बन्धमा सहमति जनाउन सकेका छैनन् । ८ प्रतिशत अनिर्णित देखिन्छन् भने १३ प्रतिशत असहमत र २ प्रतिशत पूर्ण असहमत छन् । आन्तरिक मूल्याङ्कनका माध्यमबाट पृष्ठपोषण प्राप्त हुन नसकेको भनी जम्मा १५ प्रतिशत शिक्षार्थीको अभिमत आउनु र ८ प्रतिशतले निर्णय नदिनुले पाठ्यांशको अपेक्षा तथा आन्तरिक मूल्याङ्कन प्रक्रियाको सञ्चालनबिच उत्कृष्ट अन्तर्सम्बन्ध कायम हुन नसकेको जनाए पनि प्राप्त अभिमत कमजोर भने होइन । यस्तो अभिमतले आन्तरिक मूल्याङ्कनका माध्यमबाट शिक्षार्थीले प्राप्त गरेका पृष्ठपोषण सन्तोषजनक रहेको स्पष्ट हुन्छ। यस तथ्याङ्कलाई स्तम्भचित्रमार्फत यसरी देखाउन सकिन्छ :




चित्र ५. आन्तरिक मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणसम्बन्धी मत

माथिको स्तम्भचित्रमा शिक्षार्थीहरूबाट प्राप्त भएको पृष्ठपोषणसम्बन्धी अभिमत प्रस्तुत भएको छ । उक्त कथनमा पूर्ण सहमति जनाउने ३० जना तथा सहमति जनाउने ४७ जना गरी जम्मा ७७ जना शिक्षार्थीहरूले आन्तरिक मूल्याङ्कनबाट शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त भएको विचार राखेका छन् । यो नतिजा नराम्रो पनि होइन र धरै राम्रो पनि होइन । पाठ्यांशको मूल अभिप्राय आन्तरिक मूल्याङ्कनबाट शिक्षार्थीमा पृष्ठपोषण प्राप्त होस् भन्ने भएकाले अपेक्षित पृष्ठपोषण उपलब्ध गराउने गरी आन्तरिक मूल्याङ्कनलाई सुदृढ तवरले उपयोग गर्नुपर्ने अवस्था देखिन्छ ।

'आन्तरिक मूल्याङ्कन प्रक्रियाबाट शिक्षण र सिकाइमा पर्याप्त पृष्ठपोषण प्राप्त भएको छ' भन्ने कथनमा शिक्षार्थी तथा शिक्षकहरूको मिश्रित प्रतिक्रिया प्राप्त भएको छ । यस कथनमा शिक्षकका तुलनामा शिक्षार्थीबाट अत्यन्त धेरै सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । यस सवालमा ६० प्रतिशत शिक्षक सकारात्मक देखिएका छन् भने ७७ प्रतिशत शिक्षार्थी सकारात्मक छन् । यस तथ्याङ्कलाई स्तम्भचित्रमार्फत यसरी देखाउन सकिन्छ :




चित्र ६. आन्तरिक मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणसम्बन्धी मत

माथिको स्तम्भचित्रमा शिक्षक तथा शिक्षार्थीहरूबाट प्राप्त भएको पृष्ठपोषणसम्बन्धी अभिमत प्रस्तुत भएको छ । उक्त कथनमा पूर्ण सहमति जनाउने शिक्षक ८ प्रतिशत छन् भने शिक्षार्थी ३० प्रतिशत छन् । त्यस्तै सहमति जनाउनेमा ५२ प्रतिशत शिक्षक र ४७ प्रतिशत शिक्षार्थी रहेका छन् । यस कथनमा शिक्षकभन्दा १७ प्रतिशत बढी विद्यार्थीहरूले सकारात्मक अभिमत प्रस्तुत गरेका छन् । ४ प्रतिशित शिक्षक तथा ८ प्रतिशत शिक्षार्थी निर्णय दिन इन्कार गरेका छन् । त्यस्तै भने ३२ प्रतिशत शिक्षक एवम् १३ प्रतिशत शिक्षार्थी असहमत छन् भने ४ प्रतिशत शिक्षक तथा २ प्रतिशत शिक्षार्थी पूर्ण असहमत देखिएका छन् । नकारात्मक प्रतिक्रिया जनाउने अनुपात पनि शिक्षककै बढी देखिन्छ । ३६ प्रतिशत शिक्षकले नकारात्मक अभिमत प्रस्तुत गरेका छन् भने यस्तो प्रतिक्रिया जनाउने शिक्षार्थी जम्मा १५ प्रतिशत रहेका छन् । २१ प्रतिशत बढी शिक्षकले नकारात्मक प्रतिक्रिया जनाएकाले पनि आन्तरिक मूल्याङ्कनबाट पृष्ठपोषण प्राप्त गर्न सकिन्छ भन्ने मान्यतामा शिक्षार्थीले नै बढी विश्वास गरेको देखिन्छ । प्राप्त अभिमत राम्रो भए पनि उत्कृष्ट भने मान्न सकिँदैन । सेमेस्टरका पाठ्यांशको अभिप्राय आन्तरिक मूल्याङ्कबाट पृष्ठपोषण प्राप्त गर्नु रहेकाले उक्त मर्म सम्बोधन हुने गरी आन्तरिक मूल्याङ्कनलाई सुदृढ तवरले परिष्कृत गर्नुपर्ने देखिन्छ ।

## निष्कर्ष

शैक्षणिक सक्षमता विकासमा आन्तरिक मूल्याङ्कनको भूमिका महत्वपूर्ण रहेको छ भन्ने कथनमा शिक्षार्थीको ८३ प्रतिशत मत सकारात्मक पाइयो भने ८४ प्रतिशत शिक्षक सकारात्मक देखिए । यस आँकडाले उक्त कथनमा दुवै वर्गको सन्तुष्टि राम्रो रहेको प्रस्ट

हुन्छ । आन्तरिक मूल्याङ्कन प्रक्रियाबाट शिक्षण र सिकाइमा पर्याप्त पृष्ठपोषण प्राप्त भएको छ भन्ने कथनमा ७७ प्रतिशत शिक्षार्थी र ६० प्रतिशत शिक्षक सकारात्मक देखिएका छन् । पृष्ठपोषणका सवालमा भने शिक्षकका तुलनामा शिक्षार्थीको सन्तुष्टि अझ निकै राम्रो देखिन्छ ।

## सन्दर्भसूची


पान्डे, सुशिल (सन्. २००७), *एजुकेसनल साइकोलोजी,* काठमाडौं : क्षितिज पब्लिकेसन ।

पौडेल, लालु (२०७४), 'सेमेस्टर प्रणाली : समस्या  र सुधारका उपाय' प्रगतिशील प्राध्यापक सङ्गठनद्वारा कीर्तिपुरमा आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत अवधारणापत्र ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७५), *अनुसन्धान विधि,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

शर्मा, चिरन्जीवी र शर्मा, निर्मला (२०६३), *शिक्षा मनोविज्ञान,* काठमाडौ.: एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शिक्षाशास्त्र सङ्काय (२०७२),*नेपाली शिक्षा पाठ्यक्रम,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।

Ali, J.G. (1996). *Webster dictionary*. USA: Otenheimer Publishers.

Fultcher, G. & Davidson, F. (2011). *Language testing and assessment*. London: Routledge.

Khaniya, T.R. (2013). *Examination for enhanced learning*. Educational and Developmental Service Center.

Majumdar, M. (2010). *Introduction of semester system in Indian College.* Asam University: A seminar Paper.

Pathak, R.P. (2012). *Measurement and evaluation in education*. Delhi: Pearson. *Social Science*, 2, 53-73.